# लेखा व्यवसायी संस्था (फर्म) दर्ता कार्यविधि, २०६६

(जारी मिति : २०६६/१२/५)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २८क अन्तरगत नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को परिच्छेद ६ मा भएको लेखा व्यवसायी संस्था दर्ता सम्बन्धी व्यवस्थाको प्रकृयागत विषयलाई व्यवस्थित गर्नका लागि नेपाल चार्टर्ड एकाउन्टेन्टस ऐन २०५३ को दफा ११(य) बमोजिम परिषदबाट "लेखा व्यवसायी संस्था (फर्म) दर्ता कार्यविधि, २०६६" जारी गरिएको छ ।

## खण्ड १
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यो कार्यविधिको नाम "लेखा व्यवसायी संस्था(फर्म) दर्ता कार्यविधि, २०६६" रहेको छ ।

(२) यो कार्यविधि परिषदले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,

(क) "संस्था" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई जनाउनेछ ।

(ख) "ऐन" भन्नाले नेपाल चार्टर्ड एकाउण्टेण्ट्स ऐन, २०५३ सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ सम्झनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले "लेखा व्यवसायी संस्था (फर्म) दर्ता कार्यविधि, २०६६" लाई जनाउनेछ ।

(ङ) "परिषद" भन्नाले ऐनको दफा ७ बमोजिम गठीत परिषद सम्झनु पर्दछ ।

(च) "कार्यकारी निर्देशक" भन्नाले ऐनको दफा २(च) बमोजिमको कार्यकारी निर्देशकलाई सम्झनु पर्दछ ।

(छ) "लेखा व्यवसायी संस्था वा फर्म" भन्नाले नियमावलीको नियम २(ड) बमोजिमको एकल वा साझेदारी फर्मलाई जनाउनेछ ।

(ज) "सदस्य" भन्नाले ऐनको दफा २(छ) बमोजिमको व्यक्तिलाई सम्झनु पर्दछ ।

(झ) "एकल फर्म" भन्नाले एक जना मात्र व्यक्ति रही दर्ता भएको लेखा व्यवसायी संस्थालाई जनाउनेछ ।

(ञ) "साझेदारी फर्म" भन्नाले दुई वा दुई भन्दा वढि साझेदार रही दर्ता भएको लेखा व्यवसायी संस्थालाई जनाउनेछ ।

(ट) "विदेशमा दर्ता भएको लेखा व्यवसायी संस्था" भन्नाले विदेशको कानून बमोजिम विदेशमा दर्ता भएका लेखाव्यवसायी फर्म/संस्था, नेटवर्किंग फर्म वा अन्तराष्ट्रिय लेखा व्यवसायी महासंघमा आवद्ध भएका विदेशी लेखा व्यवसायी संस्था वा नेटवर्किङ फर्मलाई समेत जनाउनेछ ।

# खण्ड २
# लेखा व्यवसायी संस्था (फर्म) दर्ता

३. **<u>लेखा व्यवसायी संस्था (फर्म) दर्ता फाराम बुझाउने :</u>** (१) सदस्यता र पेशागत प्रमाणपत्र अद्यावधिक भएका र परिषदबाट लेखा व्यवसाय गर्न रोक नलागेका लेखा व्यवसायी संस्था( फर्म) दर्ता गराउन चाहने सदस्यहरुले लेखा व्यवसायी संस्था (फर्म) दर्ता गराउनका लागि नियमावलीको नियम ५७(२) तथा सो अन्तरगतको अनुसूचि बमोजिम देहायको कागजातहरुको प्रतिलिपी साथ संस्थामा निवेदन दिनु पर्नेछ ।

(क) नागरिकता वा पासपोर्टको प्रमाणित प्रतिलिपी ।
(ख) सदस्यता तथा पेशागत प्रमाणपत्रको प्रतिलिपी ।
(ग) सदस्यता तथा पेशागत प्रमाणपत्र नविकरणको निस्साको प्रतिलिपी ।
(घ) साझेदारी फर्मको हकमा साझेदारी सम्झौता ।
(ङ) लेखा व्यवसायी संस्थामा कर्मचारीको रुपमा कार्यरत सदस्यले आफ्नो नाममा एकल वा साझेदारी फर्म खोल्न चाहेमा कार्यरत फर्मको स्वीकृत पत्र ।
(च) परिषदले समय समयमा तोके बमोजिमका अन्य कागजातहरु ।

(२) उपकार्यविधि (१) बमोजिम दरखास्त दिंदा देहायका बिषयहरु खुलाई पेश गर्नुपर्नेछ ।
(क) फर्मको पुरा नाम,
(ख) फर्मको कारोवार गर्ने मुख्य ठेगाना,
(ग) प्रोप्राइटर वा साझेदारहरुको पुरा नाम, थर, स्थायी ठेगाना,
(घ) साझेदारहरुको पूंजी लगानी अनुपात,
(ङ) नया साझेदार भित्रिने वा साझेदारले साझेदारी छाड्ने कार्यविधि,
(च) साझेदारी भंग हुने व्यवस्था,
(छ) साझेदारी भंग हुंदा फर्मको नाम कायम राख्ने वा नराख्ने सम्वन्धी व्यवस्था,
(ज) साझेदारी भंग हुंदा व्यवसाय, सम्पती र दायित्वको वाडफाड,
(झ) साझेदारीबाट अलग हुने साझेदारको दायित्व सम्बन्धी व्यवस्था,
(ञ) नाफा नोक्सान वण्डा लगाउने तरीका,
(ट) संस्थाले समय समयमा तोकेका अन्य कुनै बिषयहरु ।

४. **<u>लेखा व्यवसायी संस्था (फर्म) दर्ता दस्तुर :</u>** १) लेखा व्यवसायी संस्था (फर्म) दर्ता गर्दा तथा नविकरण गर्दा देहाय बमोजिम दस्तुर लाग्नेछ ।
(क) चार्टर्ड एकाउन्टेन्ट्स वा फेलो चार्टर्ड एकाउन्टेन्ट्स सदस्यले एकल फर्म दर्ता गर्दा रु. ३,०००/- र नविकरण गर्दा रु. १,०००/- तथा साझेदारी फर्म दर्ता गर्दा रु. ५,०००/- र नविकरण गर्दा रु. २,०००/-
(ख) दर्तावाला लेखापरिक्षक सदस्यले एकल फर्म दर्ता गर्दा रु. २,०००/- र नविकरण गर्दा रु. ५००/- तथा साझेदारी फर्म दर्ता गर्दा रु. ३,०००/- र नविकरण गर्दा रु. १,०००/-
(ग) एकलबाट साझेदारीमा वा साझेदारीबाट एकल फर्ममा परिणत गर्दा नयां दर्ता सरहको दस्तुर लाग्नेछ ।
(घ) साझेदारी फर्ममा साझेदारहरु थपघट हुंदा नविकरण गर्दा सरहको दस्तुर लाग्नेछ ।

(ङ) फर्मको नाम परिवर्तन गर्दा नविकरण गर्दा सरहको दस्तुर लाग्नेछ । यस्तो अवस्थामा पुरानो नाम स्वतः खारेज भएको मानिनेछ र फर्म दर्ता नं. साविककै कायम रहनेछ ।

२) विदेशी लेखा व्यवसायी संस्था (फर्म) तथा सोसंग सम्वन्धन झल्कने गरि दर्ता तथा नविकरण गर्दा लाग्ने दस्तुर खण्ड ६ मा तोकिए बमोजिम हुनेछ ।

५. **<u>लेखा व्यवसायी संस्थाको दर्ताः</u>** (१) कार्यविधि ३ बमोजिमको दरखास्त परेपछि सदस्य सेवा विभागले आवश्यक जाचबुझ गरी लेखा व्यवसायी संस्था दर्ता गर्नका लागि मनासिव देखेमा कार्यकारी निर्देशक समक्ष सिफारीस गर्नेछ ।

(२) उपकार्यविधि (१) बमोजिम पेश भएको कागजात कार्यकारी निर्देशकबाट स्वीकृत भएमा सदस्य सेवा शाखामा रहेको दर्ता किताबमा सो फर्म दर्ता गरी नियमावलीको नियम ५९ बमोजिमको अनुसूचीको ढांचामा दरखास्त परेको मितिले १५ दिन भित्र फर्म दर्ता भएको प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(३) उपकार्यविधि (१) र (२) बमोजिम फर्म दर्ता गर्न नमिल्ने निर्णय भएमा सो निर्णय भएको मितिले ७ दिन भित्र दर्ता हुन नसकेको कारण सहित सम्बन्धित दरखास्तवालालाई जानकारी दिनुपर्नेछ ।

# खण्ड ३
# लेखा व्यवसायी संस्था (फर्म) को नाम सम्बन्धी

६. **<u>लेखा व्यवसायी संस्थाको नाम</u> :** फर्म दर्ता गराउंदा एकल फर्म भए कार्यविधि ७ बमोजिम र साझेदारी फर्म भए कार्यविधि ८ बमोजिम नाम छनौट गर्नुपर्नेछ ।

७. **<u>एकल फर्मको नाम छनौट :</u>** एकल फर्मको नाम देहाय बमोजिम राख्न सकिनेछ :

(क) सदस्यको आफ्नो पहिलो नाम, बिचको नाम र थरबाट वा पहिलो नाम र थरबाट वा पहिलो नाम मात्रबाट वा थरमात्रबाट नाम राख्न सकिनेछ ।

(ख) सदस्यको आफ्नो पहिलो नाम, बिचको नाम र थरको पहिलो अक्षरबाट वा पहिलो नाम र थरको पहिलो अक्षरबाट वा पहिलो नाम, बीचको नामको पहिलो अक्षर र थरबाट पनि नाम राख्न सकिनेछ ।

(ग) सदस्यको बीचको नामबाट वा सोको शुरुको अक्षरबाट मात्र शुरु हुने गरी नाम राख्न पाइनेछैन ।

(घ) बीचको नाम एक भन्दा बढी शब्दको भएमा अनुसूचि १ बमोजिम हुनेछ ।

(ङ) तत्कालिन लेखापरीक्षक ऐन, २०३१ बमोजिम कुनै सदस्यले आफ्नो श्रीमान वा श्रीमती, आफूले पालन पोषण गर्नु पर्ने छोरा वा छोरी, आमा वा बाबुको नाममा लेखाव्यवसायी संस्था दर्ता गराएको प्रमाण पेश भएमा र यस कार्यविधिको अनुसूची १ अनुसार असान्दर्भिक र अन्यथा अर्थ नदिने भएमा त्यस्तो नाममा पनि संस्था दर्ता हुन सक्नेछ ।

(च) यस कार्यविधि बमोजिमको एकल फर्मको नामको दृष्टान्त अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

८. **<u>साझेदारी फर्मको नाम छनौट:</u>** साझेदारी फर्मको नाम देहाय बमोजिम राख्न सकिनेछ :

(क) साझेदारहरु मध्ये कुनै एकजना सदस्यको आफ्नो पहिलो नाम, बिचको नाम र थरबाट वा पहिलो नाम र थरबाट वा पहिलो नाममात्रबाट वा थरमात्रबाट साझेदारी फर्मको नाम राख्न सकिनेछ :

(ख) दुई भन्दा वढी साझेदारहरु भएको अवस्थामा साझेदारहरु मध्ये कुनै एक जना, दुई जना वा सबै साझेदारको नामबाट वा थरबाट वा नाम वा थरको पहिलो अक्षरबाट फर्मको नाम राख्न सकिनेछ ।

(ग) साझेदारहरुको बीचको नामबाट, एउटा साझेदारको नाम र अर्को साझेदारको थरबाट वा एउटा साझेदारको नाम थर तर अर्काको थर मात्र वा नाम मात्र राखी फर्मको नाम राख्न पाइनेछैन ।

(घ) यदि बीचको नाम एक भन्दा बढी शब्दको भएमा समेत खण्ड (ग) को नियम लागू हुनेछ ।

(ङ) यस कार्यविधि बमोजिमको साझेदारी फर्मको नामको दृष्टान्त अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

९. **<u>लेखाव्यवसायी संस्थाको नाम राख्न नमिल्ने</u>**

(क) संस्थामा पहिले नै दर्ता भइराखेको अन्य लेखा व्यवसायी फर्मको नाम वा नामको आशय संग मिल्दो जुल्दो गरी फर्मको नाम राख्नु हुदैन ।

(ख) लेखा व्यवसायी संस्थाको नाममा "कम्पनी" शब्द राख्न सकिने छैन ।

(ग) लेखा व्यवसायी फर्मको नाम पछि "एण्ड एसोसिएट्स" वा "एसोसिएट्स" राख्न सकिनेछ । सो वाहेक अन्य कुनै अक्षर वा शब्द राख्न पाईने छैन ।

(घ) "लेखापरीक्षण", "अडिट" जस्ता शब्दहरु लगायत अन्य असम्बन्धित शब्द राखेर फर्म दर्ता गर्न सकिनेछैन ।

(ङ) कुनै फर्मको विधिवत रुपमा रद्द भएको मितिले पांच वर्ष पुरा नभई उक्त फर्मको नामसंग मिल्ने गरी संस्था दर्ता गर्न सकिनेछैन ।

१०. <u>नाम परिवर्तन</u>

(क) संस्थालाई फर्मको नाम असान्दर्भिक, असम्बन्धित, सामाजिक मर्यादा र आचार संहिता विपरित छ भन्ने लागेमा उक्त नाम परिवर्तन गर्न आदेश दिन सक्नेछ ।

(ख) यदि भुलवश फर्मका नामहरु दोहरिन गएको पाइएमा पछि दर्ता भएको नामलाई परिवर्तन गर्न संस्थाले सम्बन्धित व्यक्तिलाई निर्देशन दिन सक्नेछ । सो आदेश पाएको मितिले पैंतिस दिन भित्रमा सम्बन्धित व्यक्तिले नाम परिवर्तन गर्नका लागि निवेदन दिनु पर्नेछ ।

(ग) उपकार्यविधि (ख) बमोजिम दिएको निवेदनको आधारमा फर्मको नाम परिवर्तन भएको अवस्थामा नाम परिवर्तन भएको प्रमाणपत्र सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ । नाम परिवर्तन भएको फर्मको दर्ता नम्बर र प्रमाण पत्र लागू भएको मिति साविक बमोजिम नै रहनेछ ।

(घ) नियमावली तथा कार्यबिधि विपरीत नहुने गरी फर्मको नाम परिवर्तन गर्नका लागि निवेदन पर्न आएको अवस्थामा नाम परिवर्तन गरी फर्मको दर्ता नम्बर र प्रमाणपत्र लागू भएको मिति साविक बमोजिमकै हुने गरी फर्म दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

# खण्ड ४

# एकल फर्मबाट साझेदारी फर्म तथा साझेदारी फर्मबाट एकल फर्ममा परिणत सम्वन्धी

११. **<u>एकल फर्मबाट साझेदारी फर्म तथा साझेदारी फर्मबाट एकल फर्ममा परिणत हुने :</u>** (१) एकल फर्मलाई साझेदारी फर्ममा वा साझेदारी फर्मलाई एकल फर्ममा परिणत गर्न नियम ६२(६) बमोजिम संस्थामा निवेदन दिनुपर्नेछ ।

(२) कुनै एकल फर्म साझेदारी फर्ममा परिणत भएको अवस्थामा साझेदारहरु बीच भएको सहमती अनुसार प्रस्तावित फर्मको नाम कार्यबिधि ८ बमोजिम भएको पाइएमा उक्त प्रस्तावित फर्म साझेदारी फर्मको रुपमा दर्ता गरी नियमावली बमोजिम फर्म दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(३) उपकार्यविधि (२) बमोजिम एकल फर्म साझेदारी फर्ममा परिणत भए पछि पुन: जुन व्यक्तिको नाउबाट उक्त फर्म एकल फर्मको रुपमा दर्ता भएको थियो सोही व्यक्तिले संचालन गर्ने गरी एकल फर्ममा परिणत गर्नका लागि निवेदन पर्न आएमा एकल फर्मको रुपमा दर्ता गरी सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(४) साझेदारी फर्म एकल फर्ममा परिणत हुंदा एकल फर्म धनीको नाउको आधारमा नियमावली तथा यस कार्यविधि बमोजिम फर्मको नाउ राखी फर्म दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(५) यस कार्यविधि बमोजिम एकल फर्म साझेदारी फर्ममा वा साझेदारी फर्म एकल फर्ममा परिणत भएको अवस्थामा उक्त फर्मको दर्ता नम्बर तथा प्रमाणपत्र लागु हुने मिति साविक बमोजिम कै हुनेछ ।

(६) कुनै साझेदारको नामबाट फर्मको नाम राखिएकोमा निज साझेदारीबाट अलग भएको अवस्थामा त्यस्तो फर्मको नाम कायम राख्नु पर्दा सो सम्बन्धमा नियमावलीको नियम ५८(१) का आधारमा साझेदारी फर्मको रुपमा रहने भए साझेदारहरु बीच सहमती भए बमोजिम र एकल फर्मको रुपमा रहने भए एकल सदस्यको नामका आधारमा फर्मको नाम संसोधन गर्नुपर्नेछ । अनुसूचि ३ विपरीत फर्मको हिस्सेदार बाहेक अन्य व्यक्तिको नामबाट फर्मको नाम राख्नु हुंदैन ।

# खण्ड ५
# फर्म खारेज हुने

१२. **फर्मको खारेजी :** (१) देहायको कुनै अवस्थामा लेखा व्यवसायी संस्था (फर्म) को दर्ता खारेज हुनेछ ।

(क) तोकिएको अवधि भित्र नविकरण नगराएमा,

(ख) एकल फर्मका धनीले वा साझेदारी फर्म भए सबै सदस्यहरुले फर्म खारेज गर्न संयूक्त निवेदन दिएमा,

(ग) परिषदबाट दर्ता खारेज गर्ने आदेश भएमा,

(घ) सदस्यको सदस्यता वा पेशागत प्रमाणपत्र वा दुवै रद्द भएको अवस्थामा

(ङ) साझेदारी फर्मको हकमा सबै साझेदारहरुको नाम सदस्यता दर्ता किताववाट हटाईएमा वा निजहरुको पेशागत प्रमाणपत्र रद्द गर्ने निर्णय भएमा ।

तर कुनै एक जना साझेदारको सदस्यता वा पेशागत प्रमाणपत्र वा दुवै रद्द भएको अवस्थामा बांकी साझेदारहरुले उक्त फर्म कायम राख्नका लागि नयां साझेदारी सम्झौता पेश गर्नुपर्नेछ ।

(२) साझेदारहरु मध्ये एक जना बाहेक सबै साझेदारले फर्म त्याग गरेमा एक जना साझेदारले एकल फर्म वा अन्य साझेदारहरु संग मिली नियमावली तथा यस कार्यविधि बमोजिम साझेदारी फर्म दर्ता गराउन सक्नेछ ।

# खण्ड ६
# विदेशमा दर्ता भएको लेखा व्यवसायी संस्था (फर्म) संगको आवद्धता सम्बन्धी

१३. **निवेदन दिनु पर्ने:** (१) विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्था (फर्म) को नाम वा त्यस्तो संस्था (फर्म) को नाम सहित वा त्यस्तो संस्था (फर्म) को नाम वा सम्बन्ध झल्कने गरी नियमावलीको नियम ५८(४) बमोजिम लेखा व्यवसायी संस्था (फर्म) दर्ता गर्नु परेमा वा लेखा व्यवसायी संस्था (फर्म) ले विदेशमा दर्ता भएको लेखा व्यवसायी संस्था (फर्म) को सम्बन्ध झल्कने शब्द प्रयोग गर्नका लागि देहाय बमोजिमको कागजात सहित अनुसूची ४ बमोजिम संस्थामा निवेदन दिनुपर्नेछ ।

(क) प्रस्तावित लेखा व्यवसायी संस्था (फर्म) र विदेशमा दर्ता भएको लेखा व्यवसायी संस्था (फर्म) बीच भएको सहमती वा विदेशमा दर्ता भएको लेखा व्यवसायी संस्था (फर्म) ले लेखा व्यवसाय संचालन गर्न प्रदान गरेको स्वीकृती पत्र ।

(ख) विदेशमा दर्ता भएको लेखा व्यवसायी संस्था (फर्म) विदेशमा कानून बमोजिम दर्ता भएको र/वा अन्तर्राष्ट्रिय लेखा व्यवसायी महासंघमा अवद्ध भएको आधिकारिक प्रमाण ।

(ग) बिदेशमा दर्ता भएका लेखा व्यवसायको नेटवर्किंग फर्मको सदस्य वा अन्य कुनै रुपमा सम्वन्ध रहेको आधिकारिक प्रमाण ।

(२) उपकार्यविधि (१) बमोजिमको निवेदन मनासिव देखेमा आवश्यक जाचबुझ गरि कार्यकारिणी समितिले निवेदन प्राप्त भएको मितिले वढिमा साठी दिन भित्रमा विदेशी लेखा व्यवसायी संस्था (फर्म) को नाम वा त्यस्तो संस्थाको नाम सहित वा त्यस्तो संस्था (फर्म) को नाम वा सम्बन्ध झल्कने शब्द प्रयोग गर्न अनुमति प्रदान गर्न सक्नेछ ।

(३) कार्यकारी समितिबाट विदेशमा दर्ता भएको लेखा व्यवसायी संस्थाको नाम वा त्यस्तो संस्था (फर्म) को नाम सहित वा त्यस्तो संस्था (फर्म) को नाम वा सम्बन्ध झल्कने शब्द प्रयोगको लागि लेखा व्यवसायी संस्था (फर्म) लाई अनुमती दिने निर्णय भएमा देहाय बमोजिम दर्ता शुल्क तथा नविकरण शुल्क लाग्नेछ :

| क्र. सं. | बिबरण | दर्ता शूल्क | बार्षिक नविकरण शूल्क |
|---|---|---|---|
| १ | बिदेशी लेखा व्यवसायी फर्मले आफ्नै नाममा लेखा व्यवसायी फर्म दर्ताको लागि | रु. ५००,०००।०० | दर्ता शूल्कको १०% रु. ५०,०००।०० |
| २ | बिदेशी लेखा व्यवसायी फर्मले नेपालीसंग साझेदारी गरी दुबैको नाममा साझेदारी फर्म दर्ताको लागि | रु. २००,०००।०० | दर्ता शूल्कको १०% रु. २०,०००।०० |
| ३ | बिदेशी लेखा व्यवसायी फर्मको सदस्य फर्मको रुपमा दर्ता हुनको लागि | रु. ५०,०००।०० | दर्ता शूल्कको १०% रु. ५,०००।०० |
| ४ | बिदेशी लेखा व्यवसायी नेटवर्किंग फर्मको Member Firm, Cooperating Firm, Associate Firm, Corresponding Firm तथा अन्य रुपमा दर्ता हुनको लागि | रु. २०,०००।०० | दर्ता शूल्कको १०% रु. २,०००।०० |

(४) लेखा व्यवसायी फर्मले विदेशमा दर्ता भएको लेखा व्यवसायी संस्था (फर्म) संगको आबद्धता त्याग गर्न चाहेमा सो को जानकारी संस्थालाई दिएको मितिबाट उक्त सम्बन्धन स्वत: खारेज हुनेछ ।

(५) लेखा व्यवसायी फर्मले आबद्धता त्याग गरी पुन: सोही विदेशमा दर्ता भएको लेखा व्यवसायी संस्था (फर्म) संग आबद्धता लिन चाहेमा नयां आबद्धता सरहको प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(६) यस कार्यविधि बमोजिम वा त्यस्तो संस्थाको नाम सहित वा त्यस्तो संस्थाको नाम वा सम्बन्ध झल्कने शब्द प्रयोग गर्न अनुमति प्राप्त फर्मले देहाय बमोजिमको शव्दहरु प्रयोग गर्न सक्नेछ ।

(क) लेटरहेडमा तथा Visiting Card मा कार्यकारी समितिले अनुमति दिएको विदेशमा दर्ता भएको लेखा व्यवसायी संस्थाको नाम वा सम्बन्ध झल्कने शब्द,

(ख) नेपालको राष्ट्रियता, अखण्डता तथा सार्वभौमिकता माथि आंच नपुग्ने गरी अन्य सम्बन्धित शव्द ।

(७) एउटा स्थानीय फर्मले एउटा मात्र विदेशमा दर्ता भएको लेखा व्यवसायी संस्था (फर्म)/नेटवर्किंग फर्मको आवद्धता लिन सक्नेछ ।

(८) देहायको अवस्थामा विदेशमा दर्ता भएको लेखा व्यवसायी संस्था (फर्म) संगको आवद्धता खारेज गर्न सकिनेछ :

(क) दुई पक्षवीच भएको सम्झौतामा नै निश्चित अवधिको लागि सम्झौता भएकोमा उक्त अवधि समाप्त भएपछि एक महिना भित्रमा उक्त सम्झौताको नविकरण सम्बन्धी कागजात संस्थामा पेश नगरेमा ।

(ख) उपकार्यविधि (क) को समयावधि पुरा नहुदै दुई पक्षवीचको उक्त सम्झौता विभिन्न कारणबश भंग भएको अवस्थामा ।

(ग) स्थानीय फर्मका साझेदार मध्ये कुनै साझेदार साझेदारी फर्मबाट अलग्गिएमा वा फर्म विघटन भएमा वा संस्थाले लेखा व्यवसाय गर्न रोक लगाएको अवस्थामा सो फर्मको कुनै साझेदारले विदेशमा दर्ता भएको लेखा व्यवसायी संस्था संगको आवद्धता खारेज गर्न निवेदन दिएमा

(घ) स्थानीय फर्मका साझेदारहरुले आवद्धता खारेज गर्न निवेदन दिएमा ।

१४. **विदेशी नागरिकले नेपाली संग साझेदारी संचालन गर्ने सम्बन्धी:** (१) नियम ५६ बमोजिम विदेशी नागरिकले नेपाली संग साझेदारी फर्म संचालन गर्दा सदस्यता तथा पेशागत प्रमाणपत्रको प्रतिलिपी तथा संस्थाले आवश्यकता बमोजिम तोकेका अन्य कागजातहरु सहित साझेदारी फर्म दर्ताको लागि निवेदन दिनु पर्नेछ ।

(२) परिषदले विदेशी साझेदार भएको लेखा व्यवसायी संस्थाले राष्ट्रियता, अखण्डता तथा सार्वभौमिकतामा दख्खल नपुग्ने गरी नेपाल भित्र लेखा व्यवसाय गर्न पाउने गरी लेखा व्यवसायको प्रकृति, क्षेत्र तथा सीमा तोक्न सक्नेछ ।

# खण्ड ७
# शाखा कार्यालय खोल्ने सम्बन्धी

१५. **<u>शाखा कार्यालय खोल्न निबेदन दिनुपर्ने :</u>** (१) लेखा व्यवसायी फर्मले शाखा कार्यालय खोल्न चाहेमा नियम ६३ का आधारमा देहाय बमोजिमको विवरणहरु खुलाई संस्थामा निवेदन दिनु पर्नेछ :

(क) शाखा कार्यालयको व्यवस्थापनमा रहने समान वर्गको सदस्यको नाम, थर र ठेगाना,

(ख) शाखा कार्यालय रहने ठेगाना ।

(२) उपकार्यविधि (१) बमोजिमको निवेदन प्राप्त भएको मितिले तीस दिन भित्र कार्यकारिणी समितिले मनासिव देखेमा शाखा खोल्न स्वीकृति दिन सक्नेछ ।

(३) शाखा कार्यालय खोल्न निवेदन फाराम दस्तुर रु. १००/- र अनुमति पत्र दस्तुर रु. १,०००/- लाग्नेछ ।

# खण्ड ८
# विविध

१६. **फर्म दर्ता प्रमाणपत्र रद्धः** भुलवश वा गल्तीले फर्म दर्ता भएको प्रमाणपत्र जारी भएको कुरा संस्थालाई जानकारी हुन आएमा सोको जाचबुझ गरी कार्यकारिणी समितिले त्यस्तो फर्म दर्ता प्रमाणपत्र रद्ध गर्न सक्नेछ ।

१७. **प्रमाणपत्र लिन सकिने:** (१) नियमावली बमोजिम प्रदान गरिएको फर्म दर्ता प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा संस्थामा निवेदन दिनुपर्नेछ ।
(२) उपकार्यविधि १ बमोजिम परेको निवेदनको व्यहोरा मनासिव देखेमा सदस्य सेवा विभागले रु.१००/ दस्तूर लिई दर्ताको अर्को प्रतिलिपी प्रमाणपत्र दिनेछ ।

१८. **कार्यविधि संशोधन/व्याख्या तथा बाधा अडकाउ फुकाउने :** ऐन, नियमको अधिनमा रही यस कार्यविधिको संशोधन, व्याख्या तथा बाधा अड्काउ फुकाउने सम्पूर्ण अधिकार परिषदलाई हुनेछ ।

## अनुसूची १
## कार्यविधि ७ संग सम्बन्धित

**एकलौटी फर्मको नाम सम्बन्धी उदाहरणहरु :**

Gopal Prasad Kafle नाम भएको सदस्यले फर्मको नाम राख्न पाउने र नपाउने नामहरु :

| नाम राख्न नपाउने | कारण |
|---|---|
| 1. Prasad & Associates | बिचको नाममात्र भएको हुंदा |
| 2. GP & Associates | नाम र बीचको अक्षर मात्र भएको हुंदा |
| 3. Prasad Kafle & Associates | नाम र बीचको अक्षर मात्र भएको हुंदा |
| 4. Kafle Prasad & Associates | पछाडिको नाम पछि बीचको नाम |
| 5. Kafle Prasad Gopal & Associates | नाम उल्टो पाल्टो भएर |
| 6. KPG & Associates | नाम उल्टो पाल्टो भएर |
| 7. PKG & Associates | नाम उल्टो पाल्टो भएर |

Arjun Kumar Upadhyaya Lamichhne नाम भएको सदस्यले :

- Upadhyaya मात्र प्रयोग गरेर नाम राख्न सक्नेछैन ।
- Kumar / Upadhyaya मात्र प्रयोग गरेर नाम राख्न सक्नेछैन ।

Bal Gopal Prasad Paudel नाम भएको सदस्यले :

- Bal Gopal शब्दहरु दुवै प्रयोग गर्नु पर्नेछ । Bal / Gopal शब्दलाई अलग गर्न पाइने छैन ।
- Gopal अगाडि र Bal पछाडि गरेर नाम राख्न पाइने छैन ।

**अनुसूची २**
**कार्यविधि ८ संग सम्बन्धित**

**साझेदारी फर्मको नाम सम्वन्धी उदाहरणहरु :**

Kumar Inhang & Naresh Gurung को साझेदारी फर्मको राख्न नसकिने नामहरु :

| **नाम राख्न नपाउने** | **कारण** |
|---|---|
| 1. KING & Associates | असान्दर्भिक र अर्को अर्थ लाग्ने भएकोले |
| 2. Kumar Gurung & Associates<br>or<br>Naresh Inhang & Associates | नाम थर उल्टोपाल्टो भएर |

# अनुसूचि ३
## कार्यविधि ११ (६) संग सम्बन्धित

**उदाहरणहरु:**

१. क भन्ने व्यक्तिको नाउमा एकल फर्म दर्ता भएको र सो फर्म मा ख भन्ने व्यक्ति समेत सम्मिलीत भई साझेदारीमा परिणत हुदा क भन्ने व्यक्तिले एकल फर्ममा राखेको फर्मको नाउ राख्न बाधा पर्ने छैन ।

२. तर क र ख दुवै जनाले उक्त साझेदारी फर्म त्याग गरेको र निजहरुको ठाउमा ग र घ भन्ने व्यक्तिहरुले सो साझेदारी फर्म चलाउदा ग र घ मध्येको नामबाट नियमावली बमोजिम फर्मको नाम राख्नु पर्दछ ।

## अनुसूची ४
## कार्यविधि १३ (१) संग सम्बन्धित

मिति :

श्री कार्यकारी निर्देशकज्यू
नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्था
ववरमहल, काठमाडौ ।

**<u>विषय : विदेशी लेखा व्यवसायी संस्था (फर्म) संग आबद्धताको लागि स्वीकृति दिनुहुन ।</u>**

महोदय,

मैले/हामीले नेपाल चार्टर्ड एकाउन्टेन्टस नियमावली, २०६१ को नियम ४५(७) तथा ५८(४) बमोजिम बिदेशी लेखा व्यवसायी संस्था (फर्म) संग संझौता गरी उक्त संस्थाको नामसंग सम्बन्ध झल्कने शब्द प्रयोग गरी लेखा व्यवसाय संचालन गर्ने उद्देश्यले देहायका बिबरण खोली परिषदबाट स्वीकृतीका लागि यो निवेदन पेश गरेको छु / छौं ।

विदेशी लेखा व्यवसायी संस्था/नेटवर्किंग फर्मको नाम : ..................................................................
ठेगाना : ......................................................................................................................
संस्था दर्ता भएको देश : ......................................................................................................
दर्ता भएको निकायको नाम : ...............................................................................................
निकायको कानुनी हैसियत : ...........................................................................................
विदेशी लेखा व्यवसायी संस्था/नेटवर्किंग फर्मको इमेल, वेब : ....................................................
विदेशी लेखा व्यवसायी संस्थासंग संझौता भएको मिति : .......................................................

संझौता अवधि : .....................................................................................................
सम्बन्ध झल्कने शब्द : ..............................................................................................
चित्रको बिबरण : ....................................................................................................
संझौता सम्बन्धी अन्य मुख्य बिबरण :
..............................................................................................

संलग्न प्रमाणका प्रतिलिपिहरु :

क)
ख)
ग)

फर्मको नाम : .......................................................................................................
ठेगाना : ..............................................................................................................
फर्म नं...........................

फर्मको प्रोप्राइटर / साझेदारको नाम :
दस्तखत :
नाम थर :
सदस्यता नं. :
ठेगाना :
(आवश्यकतानुसार थप्दै जाने)